# सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
५ नं प्रदेश नेपाल ।

प.स.- ०७५।०७६
च.नं.- ८५

मितिः-२०७५।११।२६

विषयः–निर्णयको प्रतिलिपि पठाईएको।

श्री वडा कार्यालय (सबै)
सरुमारानी गाउँपालिका।

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७५।११।१९ गते बसेको बैठकको निर्णयको प्रतिलिपि पाना-२ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

बोधार्थः
श्रीमान् अध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)
श्रीमान् उपाध्यक्ष ज्यू, सरुमारानी गाउँपालिका (सादर अवगतार्थ)
श्री सूचना तथा संचार प्रविधि शाखा, सरुमारानी गाउँपालिका-उक्त निर्णय सरुमारानी गाउँपालिको वेभसाईटमा अपलोड गर्नुहुन ।
श्री शाखा/ईकाई (सबै), सरुमारानी गाउँपालिका, आवश्यक कार्यार्थ ।

..............................
अमरबहादुर वली
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १-आर्थिक सहायता सम्वन्धमा।

निर्णय नं. १-देहायका संस्था र व्यक्तिलाई तपसिल वमोजिमको शिर्षकको निम्न वमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क्र.स. | व्यक्ति/संस्थाको नाम र ठेगाना | रकम | रकम खर्च हुने शिर्षक |
|---|---|---|---|
| १ | ज्ञान कुमारी थापा, सरुमारानी ३ | रु. १०,०००।- | दिर्घरोग स्वास्थ्य कोष |
| २ | सुरेश सुनार, सरुमारानी १ | रु. १०,०००।- | दिर्घरोग स्वास्थ्य कोष |
| ३ | केशव बहादुर थापा, सरुमारानी ४ | रु. २०,०००।- | दिर्घरोग स्वास्थ्य कोष |
| ४ | सरीता थापा, सरुमारानी १ | रु. ५,०००।- | विपन्न असाहय कोष |
| ५ | धन बहादुर दमै, सरुमारानी ५ | रु. ३,०००।- | विपन्न असाहय कोष |
| ६ | शहिद प्रतिष्ठान नेपाल जिल्ला शाखा प्यूठान | रू. २५,०००।- | अन्य संस्थालाइ अनुदान |
| ७ | गिर वहादुर सुनार | रू. १०,०००।- | विपन्न असाहय कोष |

प्रस्ताव नं. २-टाकुराका अग्निपिडितलाई जस्ता पाता वितरण सम्वन्धमा।

निर्णय नं. २-सरुमारानी गाउँपालिका वडा नं. ६ स्थित भिंग्रीखोला टाकुराका अग्निपिडितहरु लछिराम घर्ति, टिकादेवि घर्ति, बल बहादुर घर्ति, टंक बहादुर घर्ति र जय बहादुर घर्तिको परिवारलाई विपद् व्यवस्थापन कोषवाट खर्च हुने गरी आवश्यक जस्तापाता वितरण गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ३-मर्मत संभार कोषको कार्यविधि संशोधन सम्वन्धमा।

निर्णय नं. ३-गाउँ कार्यपालिकाको बैठकमा पेश भएको सरुमारानी गाउँपालिकाको मर्मत संभार कोष कार्यविधि, २०७५ देहाय वमोजिम संशोधन गर्ने निर्णय गरियो ।

कार्यविधिको दफा ३ उपदफा (ट) पछि देहायको उपदफा (ठ) थप गर्ने-

"गाउँ कार्यपालिकाले अत्यावश्यक ठानेको अवस्थामा जनतालाई प्रत्यक्ष फाईदा पुग्ने र तत्कालै गर्नुपर्ने, गाउँसभाको वार्षिक योजना तथा कार्यक्रमवाट सम्वोधन हुन नसकेको अवस्थामा विकास निर्माणको लागि बढीमा ५(पाँच) लाख सम्मका योजनाहरुलाई गाउँ कार्यपालिकाले विशेष निर्णय गरी यसै कोष मार्फत कार्य गर्न बाधा परेको मानिने छैन"

तर उक्त नयाँ योजनालाई अर्को गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ ।

प्रस्ताव नं. ४-मर्मत सम्भार कोषको रकम विनियोजन सम्वन्धमा।

निर्णय नं. ४-मर्मत सम्भार कोषवाट देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

क) जस्पुर गोलधारा मोटर बाटो निर्माण-रु. ४,७०,०००।- (अक्षेरुपी चार लाख सत्तरी हजार मात्र)

ख) ढाण गनाह मोटरवाटो मर्मत रू २०,०००।– (अक्षेरूपी विस हजार मात्र )

प्रस्ताव नं. ५-विपद् व्यवस्थापन सामाग्री खरिद सम्वन्धमा।

निर्णय नं. ५-यस गाउँपालिकाको आ.व. २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम विपद् व्यवस्थापन सामाग्री खरिद तथा स्वयंसेवक तालिम र जनचेतनामूलक कार्यक्रमवाट रु. ५,००,०००।- (अक्षेरुपी पाँच लाख) को विपद् व्यवस्थापन सामाग्री खरिद गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६-श्रोत व्यक्ती व्यवस्थापन सम्वन्धमा।

निर्णय नं. ६-यस गाउँपालिकामा कार्यरत श्रोत व्यक्ति श्री पूर्ण बहादुर के.सी. काज फिर्ता भई दरवन्दी रहेको माण्डवी मा.वी. नयाँगाउमा जानु भएको हुँदा शिक्षा क्षेत्र सम्वन्धी कार्यक्रम संचालन गर्न कठिनाई उत्पन्न भएकोले निज श्रोत व्यक्ति पूर्ण बहादुर के.सी.लाई यस गाउँपालिकाको शिक्षा शाखामा कामकाज लगाउनको लागि यस गाउँपालिकाका अनुदान शिक्षक श्री वसन्ता पाण्डेलाई पूर्ण बहादुर के.सी.को सट्टा शिक्षकको रुपमा बढीमा असार मसान्तसम्म काम काजमा लगाउनका लागि माण्डवी गाउँपालिकासँग अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७- स्थितिपत्र निर्माण एवं सार्वजनिकिकरण सम्वन्धमा।

निर्णय नं. ७- यस गाँउपालिकामा हालसम्म भए गरेका बिभिन्न विषयगत क्षेत्रसंग सम्वन्धित योजना तथा कार्यक्रमहरू र तिनका सकरात्मक एवं नकारात्मक प्रभावहरूका साथै जनप्रतिनिधिमूलक संस्था निर्वाचित हुनुपुर्व र पछिको तुलनात्मक अवस्था समेत प्रष्ट हुने गरी गाँउपालिकाका बिभिन्न विषयगत समितिहरूले आ आफ्नो सम्वन्धित विषयमा स्थितिपत्र तयार गर्ने र सो को सार्वजनिकिकरण २०७६वैशाख दोस्रो हसा भित्र सम्पन्न गर्ने निर्णय गरीयो।

प्रस्ताव नं. ८- वडा नं २ का योजना संसोधन तथा थप सम्वन्धमा।

निर्णय नं. ८- वडा नं २ का योजना संसोधन तथा थप सम्वन्धमा निम्नानुसार गर्ने निर्णय गरियो:

क) वडा नं २को वागेदमार खा.पा. योजनामा विनियोजन भएको ८०,०००।- खानेपानीको श्रोत व्यवस्था हुन नसकेको कारण उक्त योजना संसोधन गरी उक्त रकमलाइ दर्भान झो.पु. ढल निकास योजनामा थप गर्ने निर्णय गरियो ।

ख) वडा नं २को ढाणखोला नदी नियन्त्रणको लागी विनियोजन भएको रू १०००००।- को ल.इ.मा रू ५००००।-मा सम्पन्न हुने भएकोले बाँकी रकमलाइ रकमान्तर गरी रू ३००००।- कुमाल टोल खा.पा. पाइप तथा हिलटेंक खरीद गरी वितरण गर्ने र रू २०,०००।-तल्लो ढाँण गनाह मो.वा. निर्माण कार्यमा विनियोजन गर्ने निर्णय गरीयो ।

ग) वडा नं २को खड्गेश्वरी मा.वि. खा.पा. को लागी विनियोजन भएको रू १,००,०००।- को खा.पा. टंकी निर्माण गर्ने योजना भएकोमा पुरानो खा.पा.टंकीलाइ सामान्य मर्मत गर्दा सम्पन्न हुने र सो मर्मत मैदान खा.पा. योजनावाट हुने भएकोले योजना संसोधन गरी दर्भान झो.पु. ढल निकास योजनामा थप गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ९- खोरेत रोगको उपचार रकम भुक्तानी सम्वन्धमा।

निर्णय नं. ९- सरूमारानी गाँउपालिका वडा नं ३ सुजिनपुरमा खोरेत रोगको उपचारमा खर्च भएको रकम रू २०,०००।-(विस हजार मात्र) सशर्त अनुदान तर्फको डिजटल सर्भिलेन्स तथा रिर्पेटिङ, इपिडेमियोलोजिकल रिर्पोटिङ आउटब्रेक इन्भेष्टिगेसन शिर्षकवाट दिने निर्णय गरियो ।